नव तिलोत्तमा

मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

बुटवल 94.4 mhz एफ.एम



ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही

फोनः ०७१-४३८५७४



वर्ष १९ | अंक १७ | ०८१ मंसिर ०७ गते शुक्रबार | 2024 Nov. 22 Friday | पृष्ठ संख्या ४ | मुल्य रु. ४


# बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक विस्तार गर्दा नागरिकलाई दुःख दिन पाईदैन : मुख्यमन्त्री



तिलोत्तमा/देउखुरी, ६ मंसिर। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवल-गोरुसिंगे-चन्द्रौटा चारलेन सडक विस्तार गर्दा नागरिकलाई सास्ती नहुनेगरी अघि बढाउन आग्रह गर्नु भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा विश्व बैंकका सिनीयर ट्रान्सपोर्ट विज्ञ आमले राजापाक्षेको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलसँगको भेटमा मुख्यमन्त्री आचार्यले सडकको दुवै किनारको काम सकेर मात्रै कालोपत्रे उप्काएर काम अघि बढाउन निर्देशन दिनुभयो।

'बुटवल नारायणघाट सडक विस्तार गर्दा जुन समस्या भोग्नुपर्यो, त्यो समस्या यता भोग्नु नपरोस। काम गर्दा जनतालाई सास्ती होइन, सुविधा कसरी दिन सकिन्छ भन्नेमा ध्यान दिन जरुरी छ'-उहाले भन्नुभयो, 'आवागमनलाई कुनै बाधा नपुग्नेगरी सडक विस्तारको कामलाई गति बढाउने बारेमा धेरै विकल्प खोजेर काम गर्न जरुरी छ।'

३४ अर्ब रुपैयाँ लगानीमा बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक बिस्तार हुँदैछ। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत रुपन्देहीको बुटवलदेखि कपिलवस्तुको चन्द्रौटासम्मको ६९ किलोमिटर सडक क्षेत्र छ। उक्त २ लेनको सडक अब ४ लेनको बन्ने छ।

एक सय किलोमिटर प्रतिघण्टाको गतिमा सवारीसाधन गुड्न सक्ने गरी बनाउन लागेको सडक आधुनिक र वातावरणमैत्री जानकारी गराइएको छ। यो सडक बुटवलबाट चन्द्रौटा हुँदै नेपाल-भारत कृष्णनगर भन्सार र लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरी संग जोडिन्छ। राजधानी क्षेत्रमा सहज पहुँचका लागि यो सडक खण्डले महत्वपूर्ण योगदान पुर्याउने छ।

यो सडक क्षेत्र भित्र पर्ने १० किलोटिरको कोरिडोरलाई हरित क्षेत्रको रुपमा विकास गर्ने योजना प्रस्ताव अघि बढाएको वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले जानकारी दिनुभयो। बन्न थालेको फोरलेन सडकको दुवै किनारलाई हरियाली क्षेत्रको रुपमा विकास गर्नेगरी उच्च प्राथमिकतामा राखेर कार्यक्रम प्रस्ताव गरिएको छ।

मुख्यमन्त्री आचार्यले समस्या भएका क्षेत्रहरुको पहिचान गरेर भू-क्षय नियन्त्रण देखि पर्यटन विकाससँग जोडिएका क्षेत्रमा पनि लगानी गर्न आग्रह गर्नुभयो। 'तपाईहरुको कुरा सुन्दा क्षेत्र पहिलेनै तय भएको, अहिले समस्या देखिएका ठाउँहरु पनि छुट्ने अवस्था रहेछ। यसमा जोखिम क्षेत्रहरुको पहिचान गरेर त्यस क्षेत्रको संरक्षण र विकास दुबै गर्नेगरी अघि बढ्नुपर्छ जस्तो लाग्छ'-मुख्यमन्त्री आचार्यले भन्नुभयो, 'आवश्यकता पहिचान गरेर यसमा लगानी गर्दा झनै उपयुक्त हुन जान्छ।'

सडक बिस्तारमा विश्व बैंकले २७ करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराउने छ। सडक निर्माणको भौतिक काम २०२३ नोभेम्बरमा सुरु भएर २०२६ नोभेम्बरमा सक्ने लक्ष्य छ। पहिलो चरणमा बुटवलदेखि कपिलवस्तुको गोरुसिंगेसम्मको ५० किलोमिटरमा काम हुनेछ।

# सुन्तलाका बोटमा पहेँलो रोगको प्रकोप

तिलोत्तमा/गुल्मी, ६ मंसिर। गुल्मीमा पाक्नै लाग्ने बेलामा सुन्तलाका बोट पहेँलो हुने रोगको प्रकोप देखिएको छ। बोटहरु पहेँलो हुने र दानाहरु पनि नपाक्दै पहेँलो भएर झर्ने गरेका कारण किसान चिन्तित बनेका हुन। जिल्लाको रेसुङ्गा नगरपालिका, धुर्कोट गाउँपालिका र छत्रकोट गाउँपालिकाका सुन्तलामा यस्तो समस्या बढी देखिएको छ।

सुन्तला पाक्ने समयमा अचानक यस्तो समस्या देखिएको रेसुङ्गा नगरपालिका-५ का डिलबहादुर सुनारले गुनासो गर्नुभयो। धुर्कोट गाउँपीलका-७ वाग्लाका किसान धनराज पौडेलेको सुन्तला बगैचामा पनि बोट पहेलो हुने रोग देखा परेको छ।



उहाँको बगैँचामा एक हजार वटा भन्दा धेरै सुन्तलाका बोटहरु रहेका छन। गएको वर्ष चार लाख रुपैयाँ बराबरको सुन्तला बिक्री गर्नुभएका पौडेलको बगैँचामा रोगका कारण अहिले एक लाख रुपैयाँको सुन्तला बिक्री गर्न पनि समस्या छ।

कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीले सुन्तलाका बोटको फेदमा बढी चिसोपना भएकाले रोग देखा पर्ने गरेको भन्दै त्यसलाई नियन्त्रण गर्न ढुसी नासक विषादी प्रयोग गर्नुपर्ने बताउनुभयो।

# सन्धिखर्क मातहत कार्यालयमा ई-हाजिरी

तिलोत्तमा/अर्घाखाँची, ६ मंसिर।
अर्घाखाँचीको सन्धिखर्क नगरपालिका र मातहतका कार्यालयहरूमा ढड्डा हाजिरी हटेको छ।

सन्धिखर्क नगरपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालय मातहतका सबै कर्मचारी शिक्षकले बिहान कार्यालय प्रवेश गर्दा र काम सकेर फर्कँदा ई-हाजिरी गर्न थालेका छन्। सुशासन र पारदर्शिता कायम गर्न नगरपालिकाको कार्यालय, नगरपालिकाभित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्थामा रहेका सबै कर्मचारी एक सय ५९ जना र नगरभित्रका १० वटा माध्यमिक विद्यालयका दुई सय ५७ जना शिक्षक/कर्मचारीका लागि ई-हाजिरी लागू गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताउनुभयो। कर्मचारीले अब ढड्डामा हाजिरी गर्न नपर्ने उहाँको भनाइ छ। आधारभूत तहका विद्यालयमा पनि छिट्टै यो हाजिरी प्रणाली लागू हुने नगरपालिकाले जनाएको छ।

# सम्वन्धविच्छेदको असर बालबालिकामा

तिलोत्तमा/पाल्पा, ६ मंसिर। पाल्पामा पछिल्ला वर्षमा श्रीमान/श्रीमतीबिच सम्बन्धविच्छेद गर्ने क्रम बढेको छ। पारिवारिक बेमेलका कारण जिल्ला अदालत पाल्पामा सम्बन्धविच्छेदका मुद्दा हरेक वर्ष बढ्दै गएका छन।

बढ्दो सामाजिक सञ्जालको प्रयोग, वैदेशिक रोजगारी, स्वतन्त्र हुने चाहनाका कारण सम्बन्धविच्छेदका घटनामा वृद्धि भएको हो।

पछिल्ला वर्षमा जिल्ला अदालतमा अन्य मुद्दाभन्दा सम्बन्धविच्छेदका मुद्दा बढी दर्ता हुने गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा ५० प्रतिशतभन्दा बढी मुद्दा सम्बन्धविच्छेदको रहेको अदालतले जनाएको छ।

गत आवमा कुल एक हजार ३२ वटा मुद्दा दर्ता भएकामा ५२४ वटा मुद्दा सम्बन्धविच्छेदका रहेको अदालतका स्रेस्तेदार केशव पराजुलीले जानकारी दिनुभयो। सम्बन्धविच्छेदका ५२४ मुद्दामध्ये ४५५ वटा मुद्दा फर्स्योट गरिएको र बाँकी ६९ वटा मुद्दाको टुङ्गो लाग्न बाँकी रहेको उहाँले बताउनुभयो। अदालतका अनुसार आव २०७९/८० मा कुल एक हजार १७ वटा मुद्दा दर्ता भएकामा ४४३ मुद्दा सम्बन्धविच्छेदका मात्र थिए। हरेक वर्ष मुद्दाको सङ्ख्या बढ्दै जाँदा सम्बन्धविच्छेदका मुद्दाको सङ्ख्या बढ्दै गएको स्रेस्तेदार पराजुलीको भनाइ छ।

पछिल्लो समय फेसबुक, ट्विटर, रिल, टिकटकको प्रयोगले पारिवारिक बेमेल बढेको उहाँको भनाइ छ। केही वर्षअघिसम्म सम्पत्ति र पारिवारिक हिंसा सम्बन्धविच्छेदको प्रमुख कारण मानिन्थ्यो। अहिले स्वतन्त्र हुने चाहनाले सम्बन्धविच्छेदका घटना बढेको कानुन व्यवसायी बताउँछन्।

पछिल्लो वर्ष सानो कुरामा बेमेल भए स्वतन्त्र बस्ने चाहनाले सम्बन्धविच्छेद गर्ने परिपाटी बढेको कानुन व्यवसायी शालिकराम घिमिरेले बताउनुभयो।

सामाजिक सञ्जाल र वैदेशिक रोजगारीले पनि परिवारमा सम्बन्ध बिगारेको अवस्था रहेको छ। श्रीमान् विदेशमा बस्ने श्रीमतीले सामाजिक सञ्जालबाटै परपुरुषसँग प्रेमसम्बन्ध गाँसेर विवाह गर्नेको सङ्ख्या पनि बढेको उहाँको भनाइ छ।

यसैबिच सम्बन्धविच्छेदका कारण बालबालिका अभिभावकविहीन बनेका छन्। श्रीमान/श्रीमतीबिच सम्बन्धविच्छेद भएपछि छोराछोरी समस्यामा परेका छन्। कतिपय बालबालिका अभिभावकको संरक्षण नपाएर आधारभूत आवश्यकताबाट वञ्चित हुनु परेको छ। "श्रीमान/श्रीमती नमिले सम्बन्धविच्छेद गर्छन् र अर्कासँग पुनः विवाह बन्धनमा बाँधिन्छन् तर छोराछोरी अभिभावकविहीन हुन्छन्, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टङ्कनाथ खनालले भन्नुभयो।"

श्रीमान/श्रीमतीलाई व्यक्तिगत स्वतन्त्रता भनेर सम्बन्धविच्छेद गर्न दिँदा बालबालिकाको भविष्य हेर्नुपर्ने उहाँले बताउनुभयो।

# 'प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम' सुरु

रासस/काठमाडौँ, ६ मंसिर। मुलुकमा सङ्घीयता लागु भएसँगै संविधानबाटै संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्यजिम्मेवारीको बाँडफाँटअनुसार तीन वटा प्रदेशमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको छ। सहरी विकास मन्त्रालयको संयोजकत्वमा आगामी पाँच वर्षमा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा करिब रु १६ अर्ब ६४ करोडको लागतमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको हो। शहरी विकास मन्त्रालयअन्तर्गत विश्व बैंकको ऋण सहयोगमा उक्त 'प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम'को आज यहाँ आयोजित समारोहमा शुभारम्भ तथा समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रादेशिक सडक सञ्जालको सुधार, सडक सञ्जालले नजोडिएका स्थानीय तहका केन्द्रमा आधारभूत सर्वयाम सडक पहुँच पुर्याउने साथै स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।उक्त कार्यक्रमअन्तर्गत २०० किमी सडक सर्वायाम सञ्चालन हुने गरी प्रादेशिक सडक स्तरोन्नति गर्ने, ३०० किमी प्रादेशिक सडकको आवधिक मर्मत गर्ने, २५०० किमी सडकको नियमित मर्मत सम्भार गर्ने, १०० किमी नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुर्याउने कार्यक्रमको लक्ष्य रहेको छ। यसैगरी संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, सडक पूर्वाधार निर्माण गर्ने निकायहरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्ने कार्यक्रमको लक्ष्य छ। समारोहमा उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले यस कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीनै तहका सरकारबीच विकास निर्माणमा समन्वयात्मक भूमिका निर्वाह हुने बताउनुभयो। साथै उहाँले सडक सञ्जाल विकासका लागि मेरुदण्ड भएको बताउँदै तीन तहका सरकारको समन्वय रहेकाले यो परियोजना समयमै सम्पन्न हुने अपेक्षा गर्नुभयो।

# राजस्व संकलन १७ प्रतिशतले बढ्यो

रासस/काठमाडौँ, ६ मंसिर। चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ। अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बिहीबारको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा रु दुई खर्ब ७६ अर्ब राजस्व सङ्कलन भएको थियो। चालु आवको चार महिनामा रु तीन खर्ब २३ अर्ब २४ करोड राजस्व सङ्कलन भएको छ। सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको भने देखिदैँन। पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६/७७ मा रु ११ खर्ब १२ अर्ब तीन करोड लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो।आव २०७७/७८ मा रु १० खर्ब ११ अर्ब ७६ करोड लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा रु ११ खर्ब ८० अर्ब ६० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा रु १४ खर्ब तीन अर्ब १५ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा रु १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो। चालु आवको वार्षिक राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड रहेको मन्त्रालयले जनाउको छ। यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो। यसैमध्ये चालु आवको प्रथम चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब ६ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु तीन खर्ब २३ अर्ब २४ करोड अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ। यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व सूकलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताउनुभयो। उहाँले करसङ्कलनप्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिनुभयो।

अर्थ सचिव डा रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिनुभयो।

उहाँले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताउनुभयो।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताउनुभएको थियो।

तिलोत्तमा

## सम्पादकीय

### नेपाली श्रमिकमाथि थप सास्ती

*कामको खोजीमा विदेश पुगेका नेपालीले नेपालको अर्थतन्त्र सबलीकरणमा ठूलो योगदान दिदैं आएका छन । देशका लाखौं श्रमिक जसले विदेशी माटोमा परिश्रम गरेर आ□ना परिवारलाई मात्र होइन, रेमिट्यान्समार्फत देशको समृद्धिका लागि पनि ठूलो योगदान पुर्‍याइरहेका छन तर तिनै श्रमिक अहिले सरकारको अकर्मण्यताका कारण मारमा पर्दा बोलिदिने कोही छैन । अहिले हवाई माफियाको कारण महँगो हवाई टिकटको मूल्यले उनीहरूको जीवन थप कठिन बनेको छ । श्रमिकहरूको मुख्य उद्देश्य भनेको आ□नो परिवारलाई राम्रो भविष्य दिनु हो, तर सरकारको उदासीनता र असंवेदनशील नीतिहरूले उनीहरूको संघर्षलाई अझ गहिरो बनाइरहेको छ । नेपाली वायु सेवा कम्पनीहरुले हवाई भाडामा बृद्धि गर्दा श्रमिकहरु मारमा परेका छन् । महँगो टिकटको मूल्य र उडानमा भएको रोकावटले नेपाली श्रमिकमाथि पीडा थपिएको छ । नेपाल सरकारले समेत हवाई कम्पनीहरुको मनोमानीप्रति मौनता साँधेको छ । सरकारले श्रमिकको पक्षमा चुप बस्नु र यस्ता समस्याको समाधान नगर्नु भनेको तिनको संघर्षको अवमूल्यन गर्नु हो । संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री ब्री पाण्डेले अन्तराष्ट्रिय उडान भर्ने हवाइ कम्पनीहरुलाई २४ घण्टाभित्र हवाइ भाडादर उपलब्ध गराउन निर्देशन दिएका छन् । सरकारको यो निर्देशन ढिलोगरी आएको छ । श्रमिकहरु मारमा परिरहेका छन । नागरिकहरुकै सेवा भनेर हवाई कम्पनीहरुलाई सरकारले सहुलियत दिएको छ तर हवाई कम्पनीहरुले भने त्यसको कुनैपनि वास्ता गरेको देखिएन । यसअघि हवाई सेवा कम्पनीहरुले नियामक निकायसँगको छलफलमा भाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति गरेका थिए तर त्यसको सुनुवाई भएको छैन । पर्यटन मन्त्रीले नागरिकहरुले हवाई भाडाबृद्धिबारे गरेको गुनासोले आफूलाई बढी चिन्तित तुल्याएको बताएपनि हवाई सेवा कम्पनीहरुको अटेरीले समस्या उत्पन्न भएको छ । हालै मन्त्रालयले हवाई भाडा बृद्धिका बिषयमा आयोजना गरेको छलफलमा सहभागी एयरलाइन्सका प्रतिनिधिहरुले हवाई भाडाबारे सत्यतथ्य जानकारी दिन आनाकानी गरेका थिए । सरकारले अब चार गुणा बढी भाडा लिने हवाई कम्पनीहरुलाई कारवाही गर्न खुट्टा नकाओस् । पर्यटन मन्त्रीले बुधबार हवाई सेवा प्रदायक कम्पनीहरुलाई भाडाको लिस्ट दिन कडा निर्देशन दिनुभएको छ । यदि सरकारले निर्धारण गरेको मापदण्डभन्दा बढी भाडा लिएको भए हवाई सेवा कम्पनीलाई कारवाही गरिनुपर्दछ । सरकारले यदि अहिलेपनि छुट दियो भने त्यो भोलीका लागि ठूलो समस्या हुनेछ । नेपाली श्रमिक मारमा परेको पर्‍यै हुनेछन । तसर्थ सरकारको ध्यान जाओस् ।*

## अन्तराष्ट्रिय समाचार

### बालबालिकालाई सामाजिक सञ्जालबाट टाढा राख्न अस्ट्रेलियाको संसद्मा विधेयक पेश

एजेन्सी/अस्ट्रेलिया, ६ मंसिर । अस्ट्रेलियामा बालबालिकालाई सामाजिक सञ्जालबाट टाढा राख्नका लागि संसद्मा विधेयक पेश भएको छ । १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल चलाउन प्रतिबन्ध लगाउने विधेयक संसद्को तल्लो सदनमा पेश भएको बीबीसीले जनाएको छ । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी अल्बनिजले यो प्रतिबन्ध फेसबुक, इन्स्टाग्राम, एक्स र इन्स्टाग्राममा लागू हुने बताउनुभएको छ । उहाँले यो प्रतिबन्ध बालबालिकालाई सामाजिक सञ्जालको हानिबाट बचाउनका लागि भएको बताउनुभयो । अस्ट्रेलियाको नयाँ कानूनले यस्तो प्रतिबन्धका लागि एउटा रूपरेखा प्रदान गर्नेछ । यो १७ पृष्ठको दस्तावेज अर्को हप्ता अस्ट्रेलियाली सिनेटमा पेश हुनसक्ने खबरमा उल्लेख छ । अस्ट्रेलियामा धैरै अभिभावकहरूले यो पहललाई स्वागत गरेका छन् । तर धैरै विज्ञहरूले यस विषयमा प्रश्न उठाइरहेका छन् । बालबालिकालाई सामाजिक सञ्जालबाट टाढै राख्नुपर्ने र त्यसबाट रोक्न सम्भव छ कि छैन भन्ने उनीहरूको भनाइ छ ।

# योजनाविनाका आयोजना टिप्ने राष्ट्रिय रोग



डा. सूर्यराज आचार्य

विकास पूर्वाधारका बारेमा केन्द्र सरकारमा रहेको एउटा रोग अहिले प्रदेश र स्थानीय तहमा सरेको छ । योजनाविनाका आयोजना टिप्ने रोग निकृष्ट तहमा पुगेको देखिन्छ । अहिले प्रचारबाजीका लागि योजनाविनामा आयोजना टिप्ने राष्ट्रिय रोग बनेको छ । यसबाट प्रदेशहरू पनि सङ्क्रमित भएका छन् । कसैलाई उद्योगग्राम बनाउने चासो हुन सक्छ । तर, त्यसको मार्केट के हो ? अर्थतन्त्रमा कहाँ जोडिन्छ ? माग के हुन्छ ? त्यसको विजनेश मोडलको विषयमा अत्तोपत्तो हुँदैन ।

नेतृत्वले कहीँ देखेर आएको हुन्छ, अनि त्यस्तै गर्नुपर्‍यो भनिदिन्छ । त्यसरी नै हाम्रा हरेक विकासका एजेण्डा बनिरहेका छन् । यस्तो समस्या संघ, विभिन्न प्रदेश र स्थानीय तहमा पनि छ । समग्र प्रदेशको भिजन, स्रोत-साधन, प्राविधिक तयारी, कार्यान्वयनको मोडल, सञ्चालनको प्रक्रिया लगायत योजनाको विश्लेषण हुनुपर्छ । तर हाम्रो समाजमै त्यो ज्ञान स्खलित हुँदै गएको छ ।

पूर्वाधार विकासका क्षेत्रमा योजनाविनाका आयोजना छन् । योजना भनेको समष्टिगत रूपमा आर्थिक-सामाजिक रुपान्तरण, उद्योगधन्दा बढाउने, रोजगारी सिर्जनाको कार्यदिशा दिने राजनीतिक प्रणाली हो । यसमा राजनीतिज्ञले पनि सहयोग गर्छन् । तर, योजना बनाउने प्रणाली नेपालमा कार्यान्वयन हुन सकेको छैन । मलेसियाको १९८० को योजना महाथिरको भिजन अनुसार बनेको हो । सिंगापुर बनाउने भिजन र योजना ली क्वानको थियो । त्यसलाई विस्तृतीकरण गर्ने काम कर्मचारीहरूले गरेका हुन् । नेपाली राज्य र समाजको समस्या भनेको विकासको भिजन अथवा योजना बनाउने काममा लापर्बाही छ, भत्किएको छ ।

योजना आयोगको सदस्यमा नियुक्ति दिँदैमा मानिस योजनाकार हुँदैन । आफ्नो विद्वता, अध्ययन, अनुभवले योजनाकार भइसकेपछि आयोगमा जानुपर्ने हो । तर, यहाँ आफ्नो पार्टी सरकारमा भएका कारण कोही योजना आयोगको सदस्य हुन्छ अनि ऊ सरकारी योजनाकार भएको छ । जबकि, त्यो मानिस बौद्धिक, पेसागत योजनाकार होइन । यो समस्या राष्ट्रिय रूपमा छ ।

जिल्लामा राम्रो होटल चलाइरहेको व्यक्तिले काठमाडौँमा सबै स्रोत-साधन भए तारे होटल चलाउन सक्छ । तर, स्तरीय होटल चलाउन आवश्यक सबै विषयको बारेमा उसलाई ज्ञान हुन जरुरी छ । तारे होटलको पूर्वाधारको विषयमा ज्ञान नभएर जिल्लाको जस्तै अवस्था बन्यो भने त्यो होटल चल्न सक्ने अवस्था रहन्न । हाम्रो विकासको शैलीमा पनि यस्तै ज्ञानको कमी भएको छ । बागमती प्रदेशलाई विश्वविद्यालयको आवश्यकता किन ? भएका कलेज बन्द भइरहेका छन् । धेरै विद्यार्थी अध्ययनका लागि विदेश गइरहेका छन् । काठमाडौँभित्रका दर्जनभन्दा बढी विद्यालय अन्तर्राष्ट्रियस्तरका छन् । ३०/४० वर्ष अघि काठमाडौँका धनाढ्य व्यक्ति आफ्नो बच्चालाई अंग्रेजी मिडियममा पढाउन दार्जिलिङ, देहरादुन, बेंग्लोरतिर पठाउँथे । तर, अहिले ११/१२ कक्षा पढाउन नेपालीले आफ्ना बच्चालाई बाहिर पठाउने अवस्था छैन । अहिले राम्रा र अन्तर्राष्ट्रियस्तरका विद्यालयबाट एसईई र १२ कक्षा पास गरेका १० प्रतिशत बच्चा नेपाल बस्दैनन् । किनकि ब्याचलर तहदेखि यहाँ उनीहरूको स्तर अनुसारको शिक्षा छैन । ठुला देशमा राम्रा कलेजमा बीए पढ्नलाई वार्षिक एक करोड रुपैयाँभन्दा बढी शुल्क लाग्छ । कोर्ष सक्दासम्म ४ करोड शुल्क लाग्ने अवस्था रहन्छ । त्यो सबै शुल्क स्कलरशिपमा पाउन सक्ने हाम्रा विद्यार्थी छन् । उनीहरू त्यहाँ जानुको मुख्य कारण भनेको हाम्रा कलेज उनीहरूलाई पढाउन सक्ने अवस्थामा छैनन् ।


अ हि ले प्रदेशले त्यस्ता विद्यार्थीलाई पढाउन सक्ने प्रकृतिका कलेज खोल्नुपर्दछ । १० वर्षपछि एउटा नेपाली विदेशमा प्रस्तुति गर्न जाँदा कहाँबाट पढेको भनेर सोध्न पर्ने र जवाफमा नेपालबाट पढेको भन्ने अवस्थाहुनुपर्छ।अहिलेकोआवश्यकता त्यो गुणस्तरको विश्वविद्यालयको हो । नत्र बागमती विश्वविद्यालयको औचित्य रहन्न । विश्वविद्यालयको कन्सेप्ट निर्माण गरेरमात्र अघि बढ्नुपर्ने हुन्छ । अहिले धेरैभन्दा धेरै कलेजलाई सम्बन्धन दिने व्यवसाय छ । सम्बन्धन दिने, पैसा कमाउने धन्दा चलिरहेका बखत विश्वविद्यालयलाई त्यसतर्फ अघि बढाउनु हुँदैन । विश्वविद्यालयको आवश्यकता गुणस्तरीय शिक्षाका लागि बन्नुपर्छ ।

हरेक आयोजनालाई अत्यन्त सुक्ष्म किसिमले अध्ययन गरियो भने कार्यान्वयन गर्न सकिन्छ । अन्यथा पूर्वतयारीविनाको आयोजनाले उपलब्धि दिन सक्दैन । बागमती प्रदेश सरकारले उठाएका महत्त्वका आयोजनाहरूको पूर्वतयारी भएको देखिँदैन । पूर्वतयारी गर्न सक्ने संयन्त्र पनि बागमती प्रदेशसँग छैन । त्यस्ता संयन्त्र न त केन्द्रमै छ । बागमती प्रदेश सरकारले राजधानी हेटौंडाको विकासको योजनासमेत बनाउन सकेको छैन । हेटौंडाको समग्र विकासको मोडल कस्तो हुने भन्ने विषयमा अध्ययन गरेर आधुनिक हेटौंडा निर्माणमा अघि बढ्नुपर्ने हुन्छ । आधुनिक हेटौंडाको विकासको सोच राजनीतिज्ञले निर्धारण गरेपछि प्राविधिकले त्यसको मोडल तय गर्ने हो । विकासको मोडलको सोचमै अभाव छ । विकासको मोडल निर्धारण भएपछि मात्र कहाँ रिङरोड चाहिने, कहाँ सहर बनाउने, कहाँ रेलवे स्टेशन बनाउने भन्ने तय हुन्छ । शहरी विकासको गुरुयोजना भएपछि मात्र अन्य पूर्वाधारका विषयमा अघि बढ्नुपर्छ । समग्र भौतिक विकासमा केन्द्रीय तहमै निम्छरो प्रणाली कायम छ । हाम्रो नेतृत्वमा विकासको ज्ञानको खडेरी छ । विकासका विज्ञहरूमा पनि समस्या देखिन्छ । सरकारले नियुक्ति दिएपछि विद्वान हुने प्रचलन बढेको छ । विज्ञ हुनलाई आफ्ना विषय वस्तुमा पारङ्गत भएर समस्या समाधान गर्ने हो । विश्वविद्यालयको डिग्री देखाएर पार्टीका नेताहरू नियुक्ति लिने अनि विद्वान बन्ने परिपाटी छ ।

प्रदेशमा रहेका योजना आयोगको अहिले काम नै छैन । त्यहाँ जनशक्ति नै छैन । पूर्वाधार, आर्थिक, सामाजिक विकासमा केन्द्रदेखि नै कार्यशैली र प्रणाली बन्न सकेको छैन । पञ्चायतकालमा केही खाका निर्माण भए पनि प्रजातन्त्र पुनर्स्थापनापछि त्यसलाई भत्काउने काम गरियो । हामीसँग सोच, योजना तर्जुमाको क्षमता कमजोर छ । यो राष्ट्रियस्तरको कमजोरी प्रदेश र स्थानीय तहमा पनि सरेको हो । प्रदेश तहमा नियम कानुनको स्पष्टता अझै आइसकेको छैन । स्रोत परिचालन, केन्द्रसँग समन्वयको विषयमा समस्या छ । सुरुङ मार्गहरू प्रदेशले बनाउने होइन, त्यो केन्द्रीय एजेण्डा हो । सुरुङ मार्ग राष्ट्रिय राजमार्गको अंग हो । तर, प्रदेशको विकासको महत्त्वपूर्ण अंग भएकाले प्रदेशले २० प्रतिशत लगानी गर्ने र ८० प्रतिशत संघले हाल्ने गरी प्रस्ताव बढाउन सकिन्छ । त्यस्ता आयोजनामा समन्वय गरेर काम गर्नु उचित हुन्छ । माथिल्लो तहका पूर्वाधारहरूमा संघ र प्रदेशको चासो रहन्छ । त्यसमा महत्त्वपूर्ण काम समन्वयबाट गर्न सकिन्छ । त्यस्ता आयोजनाको विषयमा कार्यक्षेत्र र कानुनी स्पष्टता हुन जरुरी रहन्छ । प्रदेशहरूलाई अहिले एक तहको बजेट र अधिकार छ ।

बजेट खर्च पनि भइरहेका छन् । नयाँ-नयाँ आयोजनाहरू पनि बनाइरहेका छन् । भ्युटावरका थुप्रै आयोजना केन्द्र सरकारले बनाएका होइनन्, ती (बाँकी ३ पेजमा...)

# जलवायु परिवर्तनका चुनौती र न्याय



भानु पराजुली

विकास र समृद्धिका नाममा भएका अप्राकृतिक कर्मले पृथ्वीको जलवायु अभ्यासमा प्रतिकूलता थपिँदै गएको छ। जलवायु परिवर्तन अब केवल पर्यावरणीय संकट मात्र होइन, यो मानव सभ्यताको अस्तित्वका लागि समेत खतरा बनिसकेको भन्दै अजरबैजानको बाकुमा जारी कोप-२९ सम्मेलनमा अतिकम विकसित र विकासोन्मुख मुलुकले औद्योगिकराष्ट्रकोकार्बनउत्सर्जनका कारण सिर्जित वातावरणीय समस्याबाट जलवायु न्यायको माग गर्दै आवाज उठाएका छन्। नेपाल र अन्य वातावरणीय चुनौती भोगिरहेका मुलुकले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण र अनुकूलनका लागि पर्याप्त वित्तीय र प्राविधिक सहयोगको आवश्यकतामाथि जोड दिएका छन्। सम्मेलनमा नेताहरूले जलवायु परिवर्तनका बहुआयामिक असरलाई कम गर्न र कमजोर मुलुकलाई सहयोग पुर्‍याउन सहकार्य र जलवायु वित्त व्यवस्थापनमा जोड दिएका छन्। हिमाली र टापु राष्ट्रका नेताले आफूहरूले कुनै भूमिका नगरे पनि अन्य मुलुकको उत्सर्जनका कारण उनीहरू प्रभावित भएको भन्दै क्षतिपूर्ति माग गरेका छन्। नेपालका राष्ट्रपति रामचन्द्र पौडेल पर्वतीय र सामुद्रिक मुलुकलाई मिलेर साझा कार्यक्रम र सहकार्य गर्न आह्वान गरी नेपाल फर्किसकेका छन्। नेपालले पर्वतीय क्षेत्रको जोखिम, जस्तै हिमालको हिउँ पग्लिनु र हिमताल विस्फोटको खतरा बढ्नुलगायत समस्याबारे वैश्विक समुदायको ध्यान आकर्षित गर्ने प्रयासस्वरूप 'ब्लु जोन' र 'ग्रिन जोन'मा आवाज उठाइरहेका छन्। राष्ट्रपति पौडेलले नेपालमा जलवायु परिवर्तनका कारण हालै पाँच सयभन्दा बढी व्यक्तिले ज्यान गुमाएको र ठुलो आर्थिक क्षति भएको कुरा बताएका छन्। नेपालको पर्वतीय मुद्दालाई उच्च प्राथमिकतामा राखेर कोप २९ मा नेपालले प्रभावकारी रूपमा आफ्ना मुद्दा राख्न सकेको कुरा आइरहेको छ।

कोप २९ सम्मेलनमा ब्लु जोन र ग्रिन जोनबिच जलवायु परिवर्तन र त्यसका असरको समाधानका लागि गहिरो छलफल हुनु पनि सकारात्मक अवस्था देखिएको छ। यद्यपि, यसको प्रभाव सबै देशमा गम्भीर र दूरगामी देखिन्छ। र, नेपालजस्तो विकासशील देशमा त यसको असर अझ गहिरो र चिन्ताजनक बनेको छ। जलवायु परिवर्तनका प्रभावले वातावरणीय अस्थिरता मात्र ल्याउने नभई आर्थिक, सामाजिक र सांस्कृतिक तहमा पनि गम्भीर असर पारिरहेका छन्। विशेषगरी, जलवायु परिवर्तनको समाधान र न्यायका उपायमा जलवायु वित्तको भूमिका महत्वपूर्ण रहेको छ, तर यो समस्या समाधानमा मात्र सीमित नहुनुपर्छ, यसका प्रभावलाई विवेकपूर्ण र समानतापूर्वक सम्बोधन गर्नुपर्छ।

सुन्दरतामाथिको संकट : नेपालको सुन्दर भौगोलिक संरचना, प्राकृतिक छटा तथा विविधतामाथि जलवायु परिवर्तनको असर गहिरो गरी परेको छ। यहाँका हिमनदी तीव्र गतिमा पग्लिरहेका छन् भने अनियमित वर्षा र मौसमको परिवर्तनले पनि जीवनको आधारभूत संरचनामा विकृति ल्याएको छ। नेपालका उच्च हिमाली क्षेत्रको तापक्रम वृद्धिले बाढी र पहिरोको घटनालाई तीव्र बनाएको छ, जसले लाखौं मानिसको जीविका र सुरक्षा जोखिममा पारेको छ। विशेषगरी, तराई क्षेत्रका किसानलाई बारम्बार आउने बाढी र सुक्खाको समस्याले कृषिमा ठुलो गिरावट ल्याएको छ भने कृषि, जुन नेपालको अर्थतन्त्रको मेरुदण्ड हो, अब जलवायु महासंकटमा पर्न थालेको छ।

कृषि र खाद्य संकट : नेपालको कृषि क्षेत्रमा जलवायु परिवर्तनले खाद्यान्न उत्पादनमा ठुलो गिरावट ल्याएको छ। धान, मकै र गहुँजस्ता प्रमुख बालीको उत्पादनमा कमी आएको छ, जसले खाद्य सुरक्षामा गम्भीर समस्या ल्याएको छ। जलवायु परिवर्तनका कारण असामान्य मौसमी परिवर्तन र बाढीका कारण किसानका बाली नष्ट भएका छन् र यसले खाद्य संकट उत्पन्न गरेको छ। ५५ प्रतिशत किसान परिवार अहिले खाद्य अभावको सामना गर्दै छन्। यस्तो अवस्थामा, जलवायु वित्तीय स्रोतको प्रभावकारी उपयोग हुन सके दिगो तथा जलवायुमैत्री कृषि अभ्यास र खाद्य सुरक्षा सुधारमा मद्दत गर्न सक्छ। तर, यसको हानि र नोक्सानीको मूल्यांकन र आकलन गरी प्रमाण जुटाएर अन्तर्राष्ट्रिय न्यायिक मञ्चमा स्पष्ट रूपमा राख्न सक्नुपर्ने हुन्छ।

पर्यटन र जैविक विविधता संकट : नेपालको पर्यटन क्षेत्र, जसले विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण भूमिका निभाउँछ, जलवायु परिवर्तनको चपेटामा परेको छ। हिमालयका हिमनदी पग्लिनु र जैविक विविधताको ह्रासले साहसिक पर्यटन र ग्रामीण पर्यटनमा ठुलो असर पारेको छ भने पर्यटकीय गन्तव्य, जस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता पनि संकटमा पर्न थालेको छ। यसले स्थानीय समुदायको आम्दानी र उनीहरूको सामाजिक स्थिति पनि संकटमा पारेको छ। यहाँ पनि जलवायु वित्तको योगदान आवश्यक छ, जसले जैविक विविधता संरक्षण र हरित पर्यटनको प्रवर्द्धनमा सहयोग पुर्‍याउन सक्छ। यहाँ पनि प्रमाणका विषयमा प्रस्ट भने हुनैपर्छ। कसैले सित्तैमा दिँदैन, मागदाबी गर्न आफ्नो घरलाई 'इन्ट्याक' राख्न पनि जान्नुपर्छ। जसले दुःख भोग्छ, उसले सिक्छ र बुझ्छ भनिन्छ।

स्वास्थ्य क्षेत्र र सामाजिक असमानता : जलवायुको स्वास्थ्य क्षेत्रमा पनि गम्भीर असर परेको छ। गर्मी र वर्षा असमान हुँदा कुपोषण र पानीको कमीजस्ता स्वास्थ्य समस्या बढिरहेका छन्। गरिबी र असमानताले विशेषगरी महिला र बालबालिकाको स्वास्थ्यमा संकट ल्याएको छ। गर्भवती र सुत्केरी महिलालाई स्वास्थ्य सेवाको पहुँचमा कठिनाइ भइरहेको छ। यस्तो अवस्थामा जलवायु न्याय र समानताको अवधारणालाई विशेष प्राथमिकता दिनुपर्नेछ, जहाँ सामाजिक रूपमा कमजोर वर्गलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ।

कोप २९ मा नेपालको भूमिका र चुनौती : अजरबैजानको बाकुमा आयोजित कोप-२९ सम्मेलनमा नेपालले जलवायु परिवर्तनको चुनौतीलाई गम्भीरतासाथ लिइरहेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सम्मेलनमा साना हिमालय राष्ट्रहरूको विशेष अवस्थालाई प्राथमिकता दिनुपर्ने विषय उठाएका छन्। उनले 'लस एन्ड ड्यामेज फन्ड'को व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न विकसित राष्ट्रहरूको (बाँकी ३ पेजमा...)

# नेपालमा शरणार्थी र राष्ट्रलाई बोझ



बाबुराम कार्की

शरणार्थी एक पिडादाइ शब्द हो कुनै पनि शरणार्थीको आफ्नो वासस्थान नहुनु भने दर्शाउछ नेपालमा रहे बसेका छिमेक भारतीय नागरीक र चिन स्वशासीत तिव्वती नागरीक बाहेक विभिन्न भित्र राष्ट्रका नागरीक नेपालको पर्यटन पर्वतनका लागि आउनु भएका रकम अभावले रहे बसेका कुनै मित्र जनमा नेपाल सरकार नेपाली नागरिकको तर्फबाट आफ्नो राष्ट्रियता मान वा ता स्वयमको स्वतन्त्रता नेपालीको सदभाव एक आपसको सहीष्णुतालाई ख्याल गदै नेपाल स्थीत आ-आफ्नो मुलुकका माहामहीम ज्यूहरुको सहयोग लिनु भई स्वदेश फिर्ता हुन नेपाल सरकार नेपाली नागरिकका तर्फबाट सबैमा हार्दिक अनुरोध गर्दछौ।

एक आपसको मित्रता, सदभाव कायम राख्न सुझान राख्दछौ। विभिन्न भित्र मुलुकका माहामहिम ज्यूहरुबाट आ-आफ्ना नागरिक कुनै कारण वस नेपालको तर्फबाट कुनै पनि ठाउँमा रहे बसेका सबैमा ससम्मानका साथ फिर्ता हुन वा लैजान नेपाल सरकार नेपाली नागरिकको तर्फबाट सबैमा हर्दिक अनुरोध गर्दछौ। एक आपसको मित्रता सदभाव कायम राख्दछौ। विभिन्न मित्र मुलकका माहामहीम ज्यूहरुबाट आ-आफ्ना नागरिक कुनै कारणबस कुनैपनि ठाउँमा रहे बसेका सबैमा ससम्मानका साथ फिर्ता हुन वा लैजान नेपाल सरकार नेपाली नागरिकको तर्फबाट आवहान गर्दछौ।

नेपाल सरकार नेपाली नागरिक वेदेशिक रोजगार दाता राष्ट्र बाट सञ्चालनमा रहेको (धानीयको) सबै मित्रराष्ट्रका राष्ट्र प्रमुख माहामहीम ज्यूहरु मा अवगत गराउन चाहन्छौ। सबै माहामहीम ज्यूहरु पनि अनविज्ञ नभएको हुनुपर्छ।नेपालमा रहे बसेका कुनै पनि मित्र मुलुकका शरणार्थी ज्यूहरु आफैमा पनि भविष्य सुरक्षित उज्वल राख्नु हुनेछ, भन्ने कामना गर्दछौ । नेपाल सरकार उत्तराधिकारीमा नेपालको राजनीति छिन छिनको फेर बदल भैरहने कार्यले सोच नपुगेको हुन सक्छ। समग्र मुलुक बासी दिदि बहिनी दाजुभाइमा नेपालको राजनीति स्थीर सरकार वर्ष ५ को अनीवार्य हुनका लागि एक जुट १ माना सरकार सबैमा सहयोगको अपिल गर्दछौ (गर्नुपर्छ) नेपालको प्रशासन यन्त्र र सुरक्षा निकायमा सुरक्षा क्षेत्र निर्देशक ज्यू ३ प्रमुख ज्यूहरुमा सरकारको गतिविधि र सञ्चालन फेरवदल भैरहने कार्य गर्न असहज हुदा असामाजिक क्रियाकलाप बढेको देखिन्छ । सुरक्षा प्रमुख ज्यूहरु तीन तहबाट नगरीकमा पर्ने असामाजिक तत्व पदावदी कार्यकाल रहेसम्म पुराका पुरा जिम्मेवारीबाट पछी हटन नहुने जानकारी गराउँछौ। नेपाली नागरिक समुदाय हार्दिक अनुरोध गर्दछौ। नेपालको जनसङ्ख्याको अनुपातले सुरक्षा समयन्त्र तीन तह (जोडदा) समायोजन गर्दा सरदर २२५००० मात्र देखिन्छ। एक सुरक्षा कर्मी बराबर ४२८ पर्ना आउन्छन् । एक सुरक्षा कर्मीले नागरिक ४२८ हेर्न नगन्य बरावर हुन आउँछ।महगाई वृद्धी सुरक्षा र रोजगार आवश्यक हुदा सेनामा भन्दा शसन्त्र प्रहरी वल र जनपद प्रहरी बल समायोजन गराउदै जना ५० नागरिक बरावर १जना सुरक्षा कर्मी मातहत जनसेवा दिनुपर्ने राय सुझावको आवश्यक छ। सुरक्षमा धनराषी बढी खर्च हुनु भने को राष्ट्र सुरक्षित छैन भने पनि हो। सुरक्षाकर्मीको उच्च मनोवलका लागि सुरक्षामा बाट कोही कसै माथी जोर, जुलुम, गैर माव, बैमनश्यता भेदभाव नराख्दै कुनै अप्रीय कार्यमा लागेको व्यक्ति वा समूह घर पकड हुदा सम्बन्धित निकायमा बुझाउदा सत्य नागरिक का माझ ल्याउन पर्छ। स्वयमले खानतलास गर्न पाउनुपर्छ कता कता उच्च तहबाट वर्दीको खयाल गरेको पाइदैन कुनै मनि नजराना देखा देक दिइदैन् लिइदैन् एक विलासिता खर्चमा डुबेको हुन्छ नेपालीमा सम्पत्ती सुद्धिकरण छैन् अब हुन पर्छ यस कार्यबाट राष्ट्र हित जनहितमा वल पुग्नेछ।प्रश्न शरणर्थीको तिव्वती र भारतीय र भारतीय किन इ.सम्वत १९५९ नेपाल भनदा ९ गुणा क्षेत्रफल भएको तिव्वत आवादी ।(थौरै) कम रहेकाले हाल आवस्थामा सम्वृद्ध राष्ट्र जनवल वृद्धि भएको अवस्था ले चेपुवामा पदै नेपाल एक आपसका छिमेका नाताले तिव्वती नागरिकलाई शरण दिन नेपालीको कर्तव्य मान्दछौ। समग्र तिव्वती भुमि उत्तर छिमेक चिनको अधिनमा रहेको विश्व समुदाय जानकार हुनुपर्छ। तिव्वती नागरिक चिनीमा समावेश हुन सक्छन् तर चाहना छैन् । चीन र नेपाल का विच नेपालको हर क्षेत्रमा चिन सरकारको सहयोग रहेको नेपालको शान्ती क्षेत्र प्रश्वातवलाई समर्थन गरेका नेपालको स्थीर राजनीति नभएको मौका तिव्वतीको थातथलो नभएको मानविय मुल्यमा आधारमा नेपालीबाट शरण दिनु एक आपसको कर्तव्य सम्झछौ।नेपाल भारत २ छुट्टछुट्टै हुदाँहुदै नेपालीको समय अनुसारको खुल्लापन पुर्व अवस्थामा भारतमा बेलायतको बसाइ र नेपाली गौरखीलीको सेवा नेपालीका लागि पुराका पुरा भारत वर्ष जम्मु कास्मीरबाट कन्या कुमारी सम्म नेपाली भारतीयमा कुनै भेदभाव नरहेका कुनै पनि शरणार्थीको स्वतन्त्र देश छ देशको अपमान हुने छैन्। नागरिक तहबाट पनि हेक्का राख्नु पर्छ सरकारलाई सहयोग गर्नुपर्छ। कुनै अपरीचित व्यक्ति घर भाडा उपलब्ध गराउन हुदैन । महिना वा वर्ष वसाईको कार्यले आफैमा शिर दुःखाईको विषय बन्छ।

## झापामा पहिलो चौमासिकमा सात प्रतिशत मात्रै खर्च

रासस/भद्रपुर (झापा), ६ मंसिर । झापामा चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा पुँजीगत खर्च निरासाजनक देखिएको छ। जिल्लामा सात दशमलव ३४ प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय झापाका कार्यालय प्रमुख कोष नियन्त्रक सूर्यबहादुर भण्डारीका अनुसार जिल्लाको पुँजीगततर्फ रु १० अर्ब २८ करोड चार लाख विनियोजन भएकामा कात्तिक मसान्तसम्म रु ७५ करोड ४८ लाख खर्च भएको छ। “चालुतर्फ विनियोजित रु १५ अर्ब ८८ करोड ३८ लाख ९२ हजार मध्ये २९ दशमलव २२ अर्थात् रु चार अर्ब ६४ करोड १७ लाख खर्च भएको छ”, उहाँले भन्नुभयो।

## जलवायु...

ऐतिहासिक जिम्मेवारीको स्वीकारोक्ति मागेका छन्। नेपालले जलवायु न्याय र समानताको पक्षमा आवाज उठाउँदै आएको भए पनि यसले प्रमुख चुनौतीको सामना गर्दै आएको छ। जलवायु वित्तको असमान वितरण र अपारदर्शिताजस्ता विषय प्रमुख समस्याका रूपमा देखिएका छन्।

जलवायु वित्तको महत्व : जलवायु वित्त भनेको विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्नका लागि आवश्यक स्रोत र सहयोग उपलब्ध गराउनु हो। तर, जलवायु वित्तीय स्रोतहरूको वितरण असमान छ र यसको कार्यान्वयन प्रक्रिया झन्झटिलो भयो भन्दै आवाज यसपालि बाकुमा उठिरहेको पनि छ। जलवायु वित्तले मात्र समस्याको समाधान गर्न सक्दैन, यसका लागि दिगो र समावेशी रणनीति आवश्यक छन्।

जलवायु वित्तको प्रभावकारी उपयोग गर्नका लागि पारदर्शिता र जनसहभागितामा जोड दिनुपर्छ।

जलवायु न्याय, नीति र अन्तर्राष्ट्रिय सहयोग : नेपालले जलवायु परिवर्तनको समाधानका लागि विभिन्न रणनीति अपनाउन आवश्यक छ। दिगो कृषि अभ्यासको प्रवर्द्धन, जैविक विविधताको संरक्षण र जलवायु अनुकूलनका कार्यक्रम महत्वपूर्ण छन्।

स्वास्थ्य क्षेत्रमा विशेष ध्यान दिँदै कुपोषण र स्वास्थ्य समस्या समाधानका लागि सरकारले स्थायी कार्यक्रम सञ्चालन गर्नुपर्छ। १६औँ योजना, अन्य प्रमुख राष्ट्रिय कार्यक्रमलगायत गौरवका योजना भनिने आयोजनाको पनि जलवायुमैत्री अर्थात् प्रकृतिमैत्री विकासको विधि तथा रणनीति अपनाउँदै जलवायु वित्तको समुचित उपयोग गर्न समुदायमा आधारित योजना कार्यान्वयन गर्न जरुरी छ।

पहिला जलवायु वित्तमा न्यायोचित अधिकार स्थापित गर्नुपर्छ भने उपलब्ध सहायताको समुचित उपयोग गर्न सुशासन र आर्थिक अनुशासन पनि उत्तिकै आवश्यक छ। भ्रष्टाचार, कुशासन र दण्डहीनताको पगरी गुथिरहेका नेपालका शासकले यस विषयलाई गम्भीर रूपमा लिन आवश्यक छ।

अवश्य नै नेपालजस्ता साना मुलुकको हित सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ।

जलवायु न्यायको सिद्धान्तलाई ध्यानमा राखेर विकसित राष्ट्रहरूले जलवायु वित्तको स्रोतलाई न्यायपूर्ण र पारदर्शी बनाउनुको विकल्प छैन। जलवायु परिवर्तनका प्रभावले सबैलाई समान रूपमा असर नगरेको भए पनि यसका समाधानका लागि भने सबैलाई समान अवसर उपलब्ध गराउनु अत्यावश्यक छ।

अन्त्यमा : जलवायु परिवर्तनको समस्यालाई हल गर्नका लागि केवल सरकार र अन्तर्राष्ट्रिय संस्थाले मात्र होइन, प्रत्येक नागरिकले पनि आआफ्नो तहबाट जिम्मेवारी निभाउनुपर्छ।

जलवायु न्याय र समानता सुनिश्चित गर्ने लक्ष्यमा आमनागरिकको सहभागिता तथा ऐक्यबद्धता जरुरी रहन्छ। हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने अवधारणालाई व्यवहारमा उतार्दै, जलवायु समाधानलाई केवल जलपमा सीमित नगरी दिगो विकास र न्यायपूर्ण समाधानतर्फ बढ्नुपर्ने समय आएको छ। (नयाँपत्रिका)

## योजना बिना...

आयोजना प्रदेश र स्थानीय सरकारका हुन्। पैसा भएर योजना नहुँदाको परिणाम जे सजिलो छ, त्यही बनाउने हो।

प्रदेशका नेतृत्वमा नयाँ सोच प्राप्त हुन सकेको छैन । प्रदेशलाई लिड गर्ने नेतृत्वमा नयाँ सोच पलाउँदा केन्द्र सरकारलाई उदाहरण हुनेगरी काम गर्न सक्ने अवस्था रहन्छ । परम्परागत विकासको शैलीबाट डिपार्चर गर्ने र संघले गरेको गल्ती हामी गर्दैनौँ भन्ने सोच नेतृत्वमा रहनुपर्छ।

प्रदेशले आफ्नो बजेटबाट नमुनाको रूपमा १० किलोमिटर प्रादेशिक सडक निर्माण गरेर अघि बढ्न सक्छ । सो योजना समय सीमाभन्दा अगाडि नै सक्ने गरी नेपाली ठेकेदारबाटै बनाएर विश्वविद्यालयका विद्यार्थीले इन्टर्नसिप गर्ने प्रकृतिले निर्माण गर्न सकिन्छ । यसतर्फ न सरकारको ध्यान गएको छ, न सांसदहरूले ध्यान दिएका छन्। प्रदेश सरकारले कुनै भौतिक संरचना नमुना हुने गरी निर्माण गरेर केन्द्र सरकारलाई उदाहरण दिन सक्नुपर्छ।

त्यसका लागि पर्याप्त स्रोत-साधन र प्रविधिको सदुपयोग गर्ने हो भने समस्या हुने अवस्था देखिँदैन । प्रदेश सरकारले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको एउटा खानेपानी आयोजना निर्माण गर्न सक्छ । हाम्रा सरकारले बनाएका खानेपानी आयोजनाहरू सोझै प्रयोग गर्न मिल्ने अवस्थाको छैन । किनकि त्यो ट्रिटमेन्ट भएको छैन । प्रदेश सरकारले सोझै प्रयोग गर्न मिल्ने गरी खानेपानी योजना बनाउन सक्छ । ठुला आयोजनाभन्दा पनि प्रभावकारी आयोजना बनाउने र त्यस्ता आयोजनाको व्यवस्थापनमा प्रदेशले ध्यान दिनुपर्छ।

विकास निर्माणको विषयमा राजनीतिक नेतृत्व र प्राविधिक तहमा रहेको समस्या हल हुन जरुरी छ । प्राविधिकहरूले नेतृत्वलाई भिजन देखाइदिएर राजनीतिज्ञलाई अघि बढाउनुपर्छ।(रातोपाटी)


**ट्वाईलेट सफा गराउनुहोस्**

**के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।**

ट्र्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

**बुटवल-१०, सुख्खानगर**

**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं।*



## भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०८/०७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ. बाट प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण ९क्ष्भ्० प्रतिवेदन र प्रदेश सरकार, लुम्बिनी प्रदेशद्वारा २०८१ असार ३० गते प्रदेश राजपत्र अतिरिक्ताङ्क ०८ मा प्रकाशित प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम भूमिकास्थान नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेका तपसिलमा उल्लेखित खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री कर संकलन गर्ने प्रयोजनका लागि सम्झौता भएको मिति देखि २०८२ साल जेष्ठ मसान्तसम्म आ.ब.०८१/०८२ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम प्रभु बैंक, भूमिकास्थान नगरपालिका, नुवाकोट शाखा स्थित यस कार्यालयको आन्तरिक आय खाता नं.२५८७०८६९८६८००१३८ मा रु.१०००।- (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचर पेश गरी यस कार्यालयबाट मिति २०८१/०८/२१ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।
२. आफूले कवोल गरेको रकमअङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेंगाना र सहीछाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८१/०८/२२ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८१/०८/२२ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ।
४. दरभाउपत्रदाताले आफूले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं. २५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कवोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ।

**तपसिल**

**नदीजन्य पदार्थको विक्री कर संकलन सम्बन्धी सम्झौताको हकमा बैंक खाताको विवरण :**
**खातावालाको नाम** : भूमिकास्थान नगरपालिका, अर्घाखाँची
**खाता नं.** : २५८७०८६९८६८००११८, विभाज्य कोष खाता
**बैंकको नाम र ठेंगाना** : प्रभु बैंक, भूमिकास्थान नगरपालिका शाखा, नुवाकोट, अर्घाखाँची।

६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन।
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ।
९. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दश प्रतिशतसम्म रकम छूट दिन सकिनेछ।
१०.यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ।
११.प्रकाशित सूचना बमोजिम कुनै बिषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ।
१२.यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१३.यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९५/९८५७०६६६०६ मा सम्पर्क गर्न सकिने छ।

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री कर संकलन र निकासी कर संकलन सम्बन्धी ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | २०८१/०८२ को लागि कायम न्यूनतम ठेक रकम (मु.अ.कर बाहेक) | संकलन गर्न पाउने रकम (१३% मु.अ. कर बाहेक) | इकाई | बार्षिक रुपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|---|---|
| 3/BMA/W/IR/081/82 | दुर्वाङ्ग खोला | आँपखोला झो.पू. देखि दक्षिण तर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र र बाङ्गेरह बगर क्षेत्र, दुर्वाङ्ग पिप्लीटापु सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग झो.पू. बगर क्षेत्र देखि दक्षिण तर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटासम्म। | ४८४००० | ६।०० | प्रति क्यू फिट | २२८७ |
| 4/BMA/W/IR/081/82 | खाकाबेसी खोला | पाकुरे/काउले, रातामाटा, सानडाँडा डुडकामुख, चालिसे, आपकारुख, चाम्रे बगर क्षेत्र तथा निकासी क्षेत्रद्धच | ३१५०० | ६।०० | ,, ,, | १५० |

# एकै विद्यालयका १५ विद्यार्थीलाई एमबिबिएसमा पूर्ण छात्रवृत्ति

तिलोत्तमा/बुटवल, ६ मंसिर । बुटवल उपमहानरपालिका-१० मा अवस्थित सामुदायिक विद्यालय कालिका मानविज्ञान माध्यमिक विद्यालयका १५ जना विद्यार्थीले एकै पटक एमबिबिएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका छन्। विद्यालयबाट विभिन्न क्षेत्रको प्रवेश परीक्षामा सहभागी भई ६४ जना विद्यार्थीले स्नातक तह अन्तर्गतका विभिन्न सङ्कायमा पूर्ण छात्रवृत्तिमा नाम निकालेका छन्। जसमध्ये एमबिबिएसमा मात्रै १५ जना विद्यार्थीले पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका छन्। विद्यालयले एक कार्यक्रमको आयोजना गरी विद्यालयमा अध्ययन पूरा गरी नेपाल सरकारले लिएको विभिन्न क्षेत्रको प्रवेश परीक्षामा छात्रवृत्तिमा नाम निकाल्ने विद्यार्थीलाई नगदसहित सम्मान गरेको छ।विद्यालयका प्रधानाध्यापक दिनेश थापाले खुला प्रतिस्पर्धामा एउटै विद्यालयमा पूर्ण छात्रवृत्तिमा एमबिबिएसतर्फ १५ जनाले नाम निकाल्ने कालिका नेपालकै पहिलो स्कुल भएको दाबी गर्नुभयो। उहाँले विद्यार्थीको कडा मेहनतका साथै विद्यालयको उत्कृष्ट शैक्षिक वातावरणले गर्दा नतिजा राम्रो आएको बताउँदै अहिलेको मेहनतलाई थप परिस्कृत बनाउँदै जान विद्यार्थीलाई आग्रह गर्नुभयो। विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएका विद्यार्थीमध्ये १५ जनाले एमबिबिएसको परीक्षामा पूर्ण निःशुल्क छात्रवृत्तिमा नाम निकाल्न सफल भएका हुन। यस्तै बिडिएसतर्फ पाँच जना, अप्टोमेट्रोतर्फ दुई जना, बिएमएलटीतर्फ दुई जना, बी फार्मतर्फ पाँच जना, बिएस्सी नर्सिङमा १३ जना, बिएस्सी भेटेरिनरीमा दुई जना, बिएस्सी एजीमा दुई जना, बिपिएचतर्फ तीन जना र इन्जिनियरिङतर्फ ११ जनाले नामा निकाल्न सफल भएका छन्। विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै आगामी दिनमा पनि अहिलेको जस्तै कालिकाको नाम उच्च राख्न विद्यार्थीसँग आग्रह गर्नुभयो। अध्यक्ष ज्ञवालीले शिक्षाका लागि दरिलो जग भनेको नै विद्यालय तह भएको भन्दै आफ्नो लक्ष्य निर्धारणका लागि विद्यार्थीले कडाभन्दा कडा मेहनत गर्न आग्रह गर्नुभयो। कालिका माध्यमिक विद्यालयमा आठ हजार विद्यार्थी अध्ययनरत छन्। गत वर्ष भएको एसइईको परीक्षामा कालिकाका एक जना विद्यार्थीले चार जिपिए ल्याएर उत्तीर्ण भएका थिए।

# चितवनमा धान उत्पादन घट्यो

रासस/चितवन, ६ मंसिर । गत वर्षको तुलनामा यो वर्ष चितवनमा धा उत्पादनमा ह्रास आएको छ। कृषि विकास कार्यालयका अनुसार यस वर्ष वर्षे धान एक लाख १२ हजार ९२ दशमलव ४८ मेट्रिकटन उत्पादन भएको छ। गत वर्ष वर्ष एक लाख १४ हजार २६९ दशमलव चार मेट्रिक टन धान उत्पादन भएको थियो।यो वर्ष २७ हजार २७० हेक्टरमा धानखेती भएको थियो। उक्त कार्यालयले क्रप'क्रपकटिङ्'माध्यमबाट लिएको तथ्याङ्कअनुसार यस वर्ष उत्पादकत्वमा पनि कमी आएको छ। प्रतिहेक्टर ४ दशमलव १२ मेट्रिक टन उत्पादन भएको छ। पूर्वी चितवनका केही स्थानमा सावा मन्सुली, सावित्री धानमा डट्टी पेनिकल, कालो पोके, राइस लिफ फोल्डर, गबारो र पतेरा प्यानीकल ब्लाईट रोगका कारण उत्पादन घटेको उक्त कार्यालयले जनाएको छ। जिल्लामा चैते ५, सावित्री, वार, बहुगुणी २, हर्दिनाथ १, हर्दिनाथ ६, पिआरे, सावा मन्सुली, मोती, गोरखनाथ, जिरामसिनो, राम धानखेती हुने गरेको छ।

# बाढीबाट भएको क्षतिको विवरण सङ्कलन गर्दै कृषि मन्त्रालय

रासस/काठमाडौँ, ६ मंसिर । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कृषि क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको तथ्याङ्क सङ्कलन थालेको छ। गत असोजको बाढीपहिरोले देशभर भएको क्षतिको विवरण सङ्कलन प्रदेशस्थित कृषि कार्यालयमार्फत थालिएको उक्त मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले बताउनुभयो । वास्तविक किसानको नोक्सानीको विवरण सङ्कलन भएपछि उनीहरूलाई विभिन्न दातृ निकाय तथा विकास साझेदारसँग समन्वय गरी सहयोग गर्ने सरकारको योजना छ। सूचना अधिकारी जोशीका अनुसार सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, खोटाङ, झापा, कैलाली, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर र काभ्रेपलाञ्चक जिल्लामा क्षति भएको छ। बाढीबाट रु छ अर्बको क्षति भएको मन्त्रालयको अनुमान छ।

# टोरन्टो घुम्ती शिविरबाट चार सय नेपालीले लिए राहदानी

रासस/काठमाडौँ, ६ मंसिर । क्यानडाको राजधानी ओटावास्थित नेपाली दूतावासले हालै टोरन्टो नगरमा सञ्चालन गरेको घुम्ती शिविरबाट चार सय नेपालीले राहदानी लिएका छन्। दुईदिने उक्त शिविरमा राहदानीका साथै अन्य 'कन्सुलर' सेवा प्रवाह गरिएको थियो । राहदानी विभाग, टोरन्टोस्थित नेपालको अवैतनिक महावाणिज्य दूतावास, क्यानडास्थित गैरआवासीय नेपाली सङ्गठनलगायत सामुदायिक संस्थाको सहकार्यमा दूतावासले उल्लेख्य सङ्ख्यामा टोरन्टोमा रहेका नेपाली प्रवासीलाई लक्षित गरी शिविर सञ्चालन गरेको हो। उक्त दूतावासले बिहीबार जारी गरेको विज्ञप्तिअनुसार विगत एक वर्षमा 'ग्रेटर टोरन्टो एरिया'मा यस्ता दुईवटा शिविर सञ्चालन गरेर प्रवासी नेपालीलाई सेवा दिएको थियो। ग्रेटर टोरन्टो एरियामा प्रवासी नेपालीका सङ्ख्या अधिक छ। त्यहाँ सञ्चालन भएको यो तेस्रो शिविर हो।

# पेट्रोलियम डिलर्स, केवल कार र समाज डेण्टल बिच सम्झौता



तिलोत्तमा/बुटवल, ६ मंसिर । पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनले बुटवलमा रहेका लुम्बिनी केवल कार लिमिटेड र आधुनिक समाज डेण्टल केयर प्रा.लि. संग टिकट तथा उपचार सेवामा छुट सुविधा सम्वन्धि सम्झौता गरेको छ।

लुम्बिनी केवल कार र एशोसिएसन विच एशोसिएसनका पदाधिकारी, कार्यसमिति सदस्य र कर्मचारीहरुलाई संस्थाको परिचय पत्रका आधारमा साधारण टिकटमा केवल कारले २० प्रतिसत छुट सुविधा उपलब्ध गराउने सम्झौता भएको छ।

यस्तै दुबै संस्थाले होर्डिङ्ग बोर्ड तथा विज्ञापन मार्फत एक अर्काको ब्यवसायिक प्रवर्द्धन गर्ने सम्झौतामा उल्लेख छ। २०८१ साल मंसिर ५ गते देखि २ बर्षका लागि गरिएको सम्झौता पत्रमा एशोसिएसनका तर्फबाट अध्यक्ष हिमाल गैरे र लुम्बिनी केवल कारको तर्फबाट अपरेशनम्यानेजरडिल्लीनारायण कायस्थले हस्ताक्षर गर्नु भएको छ।यस्तै एशोसिएसन र बुटवल ६ मा रहेको आधुनिक समाज डेण्टल केयर प्रा.लि. विच मुख स्वास्थ्य अन्तर्गत दाँत, मुख र गिजा सम्वन्धि उपचारका लागि समाज डेण्टलले पेट्रोल तथा डिलर संस्थाका पदाधिकारी, सदस्य ब्यवसायी, कर्मचारी तथा ब्यवसायीका एकाघरका परिवारका सदस्यको आधारभूत उपचारमा ३० प्रतिसत छुट उपलब्ध गराउने सम्झौता गरिएको छ। यसका लागि उपचार गराउने ब्यक्ति संग संस्थामा रहेको परिचय खुल्ने कुनै पनि प्रमाण-पत्र वा परिचय पत्रलाई अनिवार्य गरिएको छ।यसैगरी दन्त उपचार अन्तर्गत कस्मेटिक उपचार गर्नुपरेमा समाज डेण्टलले १० प्रतिसत छुट सेवा उपलब्ध गराउने छ । एशोसिएसनले कुनै पनि कार्यक्रम आयोजना गर्दा दन्त परीक्षण गर्ने उद्देश्य राखेमा समाज डेण्टलले बर्षमा २ वटा कार्यक्रममा निशुल्क दन्त परीक्षण गर्ने सहमति भएको छ।हाल मुख क्यान्सर बढ्दै गएको अवस्थामा नागरिकहरुलाई सन्देश प्रवाहित गर्नुपर्ने दुबै संस्थाको सामाजिक उत्तरदायित्व रहेकाले 'क्यान्सरबाट बचौं र बचाऔं' भन्ने सन्देश सहितको स्टीकर समाज डेण्टलले निर्माण गरी हरेक पेट्रोल पम्पको उपयुक्त स्थानमा टांस्ने गरी भएको सम्झौता पत्रमा एशोसिएसनको तर्फबाट अध्यक्ष हिमाल गैरे र समाज डेण्टलका योजना प्रमुख माधव सापकोटाले हस्ताक्षर गर्नु भउको छ।

# शान्ति समाजद्वारा अनाथ असहाय बालबालिकालाई सहयोग



तिलोत्तमा/बुटवल, ६ मंसिर । मानव अधिकार तथा शान्ति समाज रूपन्देहीले ३५औं अन्तराष्ट्रिय बालअधिकार दिवसको अवसरमा मानवसेवा आश्रम लुम्बिनी प्रदेश रुपन्देही तिलोत्तमासेवाकेन्द्रकाबालबालिकालाई सहयोग गरेको छ । समाजले मानवसेवा आश्रममा आश्रित एक बर्षदेखि १४ बर्षसम्मका १७ जना बालबालिकाको लागि न्यानो कपडा, पठनपाठन तथा खेलकुदका सामाग्रीहरु सहयोग हस्तान्तरण गरेको हो। कार्यक्रमका प्रमुख अतिथि तिलोत्तमा नगरपालिका नगर प्रमुख रामकृष्ण खाँणले बालबालिकाको लागि खाना, नाना, छाना अनिवार्य अधिकार भएको उल्लेख्य गर्दै आफुहरु त्यसको निरन्तर काम गरिरहेको बताउनुभयो। मानव अधिकार तथा शान्ति समाज रुपन्देही जिल्ला सभापति अर्जुन ज्ञवालीले बालअधिकार एक नैसर्गिक अधिकार; सुनौलो भविष्यको आधार हो, बालबालिकाको संरक्षण, स्याहारसुसार, कल्याण, व्यक्तित्व विकास र सबल नागरिकका रूपमा खडा गर्न राज्य, समाज र परिवारले निर्वाह गर्नुपर्ने दायित्व नै बाल अधिकारको केन्द्रविन्दु भएको हुदा बालबालिकासँग सम्बन्धित सबै कार्यमा बालबालिकाको सर्वोत्तम हितको सदैव प्राथमिक विचार गरिनुपर्नेमा जोड दिनुभयो। मानवसेवा आश्रमका सुपरभाइजर प्रेम बहादुर सारुले मानवअधिकार तथा शान्ति समाज रुपन्देहीले आफ्नो आश्रमलाई सम्झिएर बालबालिकाको लागि सहयोग गर्नुभएकोमा आभार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम मानवअधिकार तथा शान्ति समाज रुपन्देहीका सभापति अर्जुन ज्ञवालीको अध्यक्षता, उपसभापति कृष्ण पाण्डेको स्वागत, सहसचिव अर्जुन कुवरको संचालनमा सम्पन्न भएको थियो । संयुक्त राष्ट्रसंघ महासभाले २० नोभेम्वर १९८९ का दिन बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेको थियो । यही ऐतिहासिक कदमको स्मृतिमा २० नोभेम्बरलाई अन्तर्राष्ट्रिय बाल अधिकार दिवसका रूपमा मनाइदै आइएको छ।







मणि मुकुन्द प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नव तिलोत्तमा दैनिकका लागि अध्यक्षः जनक कोइराला, प्रबन्ध सञ्चालक/सम्पादकः माधव नेपाल, फोन नं. विज्ञापनः ०७१-४३८५७४, समाचारः ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः तिलोत्तमा प्रेस, बुटवल रुपन्देही